नेपाल सरकार
अर्थ मन्त्रालय

# वैदेशिक रोजगार बचतपत्र जारी गर्ने कार्यविधि २०६७

१. पृष्ठभूमी

नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्यमा विदेशमा काम गर्ने नेपालीहरुलाई लक्षित गरी वैदेशिक रोजगार बचतपत्र मार्फत रु.७ अर्बको आन्तरिक ऋण उठाउने व्यवस्था गरे वमोजिम 'वैदेशिक रोजगार बचतपत्र' जारी गरी राष्ट्र ऋण उठाउने प्रयोजनको लागि यो कार्यविधि तयार गरिएको छ ।

२. उद्देश्य

यो बचतपत्र निश्कासनको प्रमूख उद्देश्य विदेशमा गई काम गर्ने नेपाली कामदारहरुले आर्जन गरेको रकमबाट राष्ट्र निर्माणका लागि पूँजी परिचालन गरी पुर्वाधार निर्माणमा खर्च गर्ने रहेको छ ।

३. वैदेशिक रोजगार बचतपत्र जारी गर्ने कार्यविधि

३.१ यो बचतपत्र बजेट वक्तव्यमा किटान गरिएका ५ वटा मुलुकहरु दक्षिण कोरिया, मलेशिया, संयुक्त अरव इमिरेट्स, साउदी अरविया र कतारमा बिक्री गरिने छ ।

३.२ यो बचतपत्र नेपाली रुपैयाँमा जारी हुनेछ । खरिदकर्ताले आफु कार्यरत मुलुकमा यसको भुक्तानी गर्दा नेपालमा परिवर्त्य हुने विदेशी मुद्रामा गर्नु पर्नेछ । यस प्रयोजनका लागि विदेशी मुद्राको विनिमय दरका हकमा खरिदकर्ताले रकम बुझाउने दिनको नेपाल राष्ट्र बैंकले निर्धारण गरी प्रकाशन गरेको विनिमयदर (खरिददर) लाई आधार मानिनेछ । बैदेशिक रोजगारमा रहेका व्यक्तिले विप्रेषण कार्यमा संलग्न इजाजत प्राप्त संस्था (मनी ट्रान्सफर कंपनी) मार्फत समेत सोको भुक्तानी गर्न सक्नेछन ।

३.३ बचतपत्रको प्राथमिक निष्कासनका लागि नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी रेमिटान्स भित्र्याउने कार्यमा संलग्न बैंक तथा वित्तीय संस्था र मनी ट्रान्सफर कम्पनीहरुको कार्यजालो (network) प्रयोग गरिनेछ । यसका लागि नेपाल राष्ट्र बैंकले बैंकका तर्फबाट वैदेशिक रोजगार बचतपत्र बिक्री गर्ने इजाजतपत्र ती निकायहरुलाई प्रदान गर्नेछ ।

३.४ यो बचतपत्रको प्राथमिक निष्कासन (बिक्री) बाट उठेको रकम बचतपत्र बिक्री गर्ने निकायले परिवर्त्य विदेशी मुद्रामा नेपाल राष्ट्र बैंकमा जम्मा गर्न पर्नेछ ।

३.५ यो बचतपत्रको साँवा तथा व्याज भुक्तानी नेपाली मुद्रामा नेपालमानै हुनेछ । बचतपत्र धनीले चाहेमा नेपालमा रहेको नीजको बैंक खातामा समेत

सांवा / ब्याज भुक्तानी रकम जम्मा हुने  व्यवस्था मिलाइने छ । सावां/ब्याज भुक्तानी सम्बन्धी आबश्यक कार्यविधि नेपाल राष्ट्र बैंकले निर्धारण गरे वमोजिम हुनेछ  ।

३.६ प्राथमिक निष्कासनमा यो बचतपत्र दक्षिण कोरिया, मलेशिया, संयुक्त अरव इमिरेट्स, साउदी अरविया र कतारमा गई रोजगारीमा संलग्न रहेका नेपाली नागरिकहरुले आफनो नाममा वा परिवारका सदस्य (आमा, बाबु, श्रीमती तथा छोरा छोरी मात्र) का नाममा खरिद गर्न सक्नेछन् । यसको दोश्रो बजार कारोवार प्रचलित व्यवस्था अनुसार हुनेछ ।

३.७ यो बचतपत्रको अवधि बढीमा ५ वर्षको हुनेछ । यसको बिक्री खुला अवधि र भुक्तानी मिति खुला बजार संचालन समितिको सिफारिसमा नेपाल सरकारबाट स्वीकृति भए बमोजिम हुनेछ ।

३.८ यो बचतपत्र घटीमा रु.५,०००।- (रुपैयाँ पांच हजार) र बढीमा रु.५,००० ले भाग गर्दा निःशेष हुने रकममा खरिद गर्न सकिनेछ । बढी रकमको बचतपत्र खरिद गर्दा सोको प्रमाणपत्र एउटा वा आवश्यकतानुसार बढी पनि लिन सकिनेछ ।

३.९ बचतपत्र खरिदकर्तालाई अर्ध वार्षिक रुपमा भुक्तानी हुने गरी वार्षिक ९.७५ प्रतिशतका दरले ब्याज प्रदान गरिनेछ ।

३.१० यो बचत-पत्रमा गरिएको लगानीबाट आर्जित ब्याजमा ब्याजकर लाग्ने छैन ।

३.११ यो बचतपत्रको किसिम स्टक र प्रमिसरी नोट दुवै हुन सक्नेछ । स्टक भन्नाले नेपाल राष्ट्र बैंकको खातामा दर्ता रहने र दर्ता गराई नामसारी गर्नु पर्ने बचतपत्रलाई जनाउँछ । प्रमिसरी नोट भन्नाले दरपीठ गरी नामसारी गर्न सकिने बचतपत्रलाई जनाउँछ ।

३.१२ बचतपत्रको दरखास्त फारम र प्रमाणपत्रको ढांचा (सावां तथा ब्याज पूर्जा) नेपाल राष्ट्र बैंकले निर्धारण गरे वमेजिम हुनेछ ।

३.१३ खरिदकर्ताले कुन किसिमको बचतपत्र खरिद गर्ने हो, दरखास्त फाराममा सो खुलाउनु पर्नेछ । दरखास्त फाराममा उल्लेख भएको बचतपत्रको किसिम अनुसार प्रमाणपत्र दिइनेछ । यदि दरखास्त फाराममा किसिम पूरा नखुलाएको भएमा बचतकर्ताको नाममा प्रमिसरी नोटको प्रमाणपत्र बनाइनेछ ।

३.१४ भुक्तानी अवधि नपुग्दै  यो बचतपत्र दोश्रो बजार मार्फत बिक्री गर्न सकिने छ । यसरी बिक्री गर्दा साविक बचतकर्ताले  बचतपत्रको हक छाडी दिने महलमा दस्तखत गरी हक छोडी साँवा तथा बिक्री गरेको दिनको अघिल्लो दिनसम्मको

ब्याज हिसाव गरी लिनु पर्नेछ । खरिदकर्ताले यस्तो रकम बुझाएको मिति, नाम ठेगाना र परिचयको स्रोत उल्लेख गरी नयाँ बचतकर्ता भन्ने महलमा दस्तखत गरी आफनो हक सुरक्षित गर्नु पर्नेछ । साथै, त्यस्तो नयाँ बचतपत्र धनीले दरपीठ गरी लिएको बचतपत्र नेपाल राष्ट्र बैंकको अभिलेखमा आफ्नो नाममा दर्ता गर्न चाहेको अवस्थामा नियमानुसार दस्तुर तिरी रितपूर्वक निवेदन दिएमा नयाँ दर्ता गरिने व्यवस्था मिलाइने छ ।

३.१५ भुक्तानी म्याद पुगेपछि साँवा रकमको भुक्तानी बचतपत्रमा अन्तिम दस्तखत भई हक कायम भएको व्यक्तिले नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय र नेपाल राष्ट्र बैंकका जिल्लास्थित कार्यालयहरु तथा इजाजतपत्र प्राप्त क, ख, ग बर्गका बैंक तथा वित्तीय संस्था मार्फत लिन सकिने छ ।

३.१६ दुई व्यक्तिले संयुक्त नाममा पनि यो बचतपत्र खरिद गर्न सक्नेछन् । यसरी दुई व्यक्तिले बचतपत्र खरिद गर्दा दुई नामको बीचमा 'र' अथवा 'वा' राखी खरिद गर्न सकिनेछ । दुईजनाले 'र' बाट बचतपत्र खरिद गर्दा दुवै व्यक्तिले संयुक्त रुपमा मात्र उक्त बचतपत्रको कारोवार गर्न सक्नेछन् भने 'वा' बाट बचतपत्र खरिद गर्दा दुईजनामध्ये एकजना व्यक्तिले मात्र पनि बचतपत्रको कारोवार गर्न सकिनेछ । यसरी दुई व्यक्तिले खरिद गर्दा दरखास्त फाराममा दुवैजनाको दस्तखत र आवश्यक कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३.१७ यो बचतपत्र खरिद गर्ने योग्य व्यक्तिले नाबालकको तर्फबाट समेत संरक्षक भई बचतपत्र खरिद गर्न सक्नेछ । यसरी बचतपत्र खरिद गर्दा नाबालकको नाम र जन्ममिति खुलेको जन्मदर्ता प्रमाणपत्र र संरक्षकले बुंदा नं ३.२४ 'क' मा उल्लेख भएअनुसारका कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ । साथै, दरखास्त फाराममा संरक्षकले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

३.१८ बचतपत्र खरिदकर्ताले रकम जम्मा गरेको दिन देखिनै व्याज आर्जन गर्नेछन् ।

३.१९ नेपाली कामदारले बैदेशिक रोजगारीबाट कमाएको रकमबाट बिक्री एजेण्टहरुको नेपालस्थित कार्यालय मार्फत बचतपत्र खरिद गर्दा नेपालमा अतिरिक्त शुल्क लाग्ने छैन ।

३.२० यो बचतपत्रको धितोमा नेपाल स्थित बैंक वा वित्तीय संस्थाबाट कर्जा लिन पाइनेछ ।

३.२१ बचतपत्र खरिदकर्ताले निःशुल्क प्राप्त हुने दरखास्त फाराम दुई प्रति भरी अन्य आवश्यक कागजात सहित बचतपत्र बिक्री गर्ने निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित निकायले प्राप्त दरखास्तमध्ये एक प्रति दरखास्त र आवश्यक कागजात नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

३.२२ वचतपत्र, खरिद गर्न चाहेको रकम, पत्राचारको लागि ठेगाना, टेलिफोन नम्बर, राहदानी नम्बर र लिएको स्थान दरखास्त फाराममा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३.२३ दरखास्त फाराम बुझिलिने निकायले आधिकारिक व्यक्तिको दस्तखत गरी कार्यालयको छाप समेत लगाउनु पर्नेछ ।

३.२४ खरिदकर्ताले आवेदन फारामका साथ देहाय बमोजिमको कागजातको प्रतिलिपि बुझाउनु पर्नेछ ।

(क) पासपोर्टको प्रतिलिपि, आफू कार्यरत रहेको मुलुकको भिसा को प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटो ।

(ख) संयुक्त नाममा बचतपत्र खरिद गर्ने हो भने त्यस्तो ब्यक्तिको परिचय खुल्ने कागजात ।

(ग) बचतपत्रको सांवा, व्याज भुक्तानी लिने वा धितो राखी कर्जा उपभोग गर्ने वा बचतपत्र बिक्री गरी रकम लिने वा भुक्तानी मिति पछि साँवा भुक्तानी लिने प्रयोजनका लागि कुनै व्यक्तीलाई इच्छाउने भएमा इच्छाएको व्यक्तिको नाम थर, ठेगाना र नागरिकता नम्बर ।

(घ) परीवारका सदस्यका हकमा सदस्यको नाम र नागरिकता नम्बर उल्लेख गर्ने ।

३.२५ बचतपत्रको दोस्रो बजार कारोवार इजाजतपत्र प्राप्त बजार निर्माताहरु मार्फत हुनेछ ।

३.२६ सम्बन्धित निकायहरुले वैदेशिक रोजगारमा जान लागेका व्यक्तिहरुलाई जानु अगावै र वैदेशिक रोजगारमा गईसकेका विदेश स्थित नेपालीहरुलाई आ-आफ्नो संयन्त्र मार्फत परिचालन गरी निष्कासित बचतपत्रको विशेषता तथा फाइदाहरुलाई समेटी सरोकारवाला पक्षहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु संचालन गरी प्रचार प्रसार गर्नेछन ।

४. नेपाल राष्ट्र बैंकले गर्ने अन्य कार्यहरु

४.१ बचतपत्रको विशेषता तथा फाइदाहरुको बारेमा प्रचार प्रसार गर्न एक जानकारी पुस्तिका तयार गरी आवश्यकतानुसार विभिन्न निकाय तथा व्यक्तिहरुलाई उपलब्ध गराउने ।

४.२ सेवाग्राहीलाई सहज र सरल ढंगले सेवा पुगोस् भन्ने अभिप्रायले बचतपत्र सम्बन्धि जानकारी बैंकको website मार्फत उपलब्ध गराउने ।

४.३ बचतपत्र बिक्री गर्न इच्छुक रेमिटान्स भित्र्याउन इजाजतपत्र प्राप्त निकायहरुलाई नेपाल राष्ट्र बैंकको तर्फबाट बचतपत्र बिक्री (प्राथमिक निष्कासन मात्र) गर्ने इजाजतपत्र प्रदान गर्ने ।

४.४ बैदेशिक रोजगार बचतपत्र बिक्री गरी संकलन भएको रकम नेपालमा रकमान्तर गर्न आवश्यक व्यवस्था मिलाउने ।

४.५ बचतपत्र बिक्री गरी प्राप्त भएको रकम नेपाल सरकारको सम्बन्धित खातामा जम्मा गर्ने र आवश्यक हिसाब मिलान गर्ने ।

४.६ बचतपत्रको व्याज र साँवा भुक्तानी गर्ने निकायलाई तोकिएको कमिशन तथा भुक्तानी भएको साँवा व्याज वापतको रकम भुक्तानी गर्ने र सोको शोधभर्ना नेपाल सरकारबाट माग गर्ने ।

४.७ बैदेशिक रोजगार बचतपत्रको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक अन्य कार्य गर्ने ।

५. बचतपत्र बिक्री बापतको कमिशन

५.१ यो बचतपत्र बिक्री गर्ने निकायलाई पारिश्रमिक (Incentive) वापत कुल बचतपत्र बिक्री रकमको ०.५० प्रतिशतका दरले नेपाली मुद्रामा कमिशन प्रदान गरिने छ ।

५.२ यो बचतपत्रको व्याज भुक्तानी गर्ने निकायलाई भुक्तानी गरेको रकमको ०.२५ प्रतिशतले कमिशन प्रदान गरिने छ ।

५.३ यो बचतपपत्रको साँवा भुक्तानी गर्ने निकायलाई भुक्तानी गरेको रकमको ०.१५ प्रतिशतले कमिशन प्रदान गरिने छ ।

६. नेपाली नियोगको भूमीका

६.१ बचतपत्रको विशेषता तथा फाइदाहरुको बारेमा सम्बन्धित मुलुकमा कार्यरत नेपाली नागरिकहरुका बीच व्यापक प्रचार प्रसार गर्ने ।

६.२ नेपाल सरकारको परराष्ट्र मन्त्रालय र विदेश स्थित नेपली दूतावासहरु वा अवैतनिक महावाणिज्य दूतहरुले बचतपत्र निष्कासनको लागि सम्बन्धित मुलुकका विभिन्न निकायहरुसँग लिनुपर्ने विविध सहयोगको लागि पत्राचार लगायतका कार्यहरु र बचतपत्र बिक्रेता रेमिटान्स कम्पनी आदिलाई सम्बन्धित मुलुकमा सो कार्य गर्न सहजकर्ताको रुपमा आबश्यक सहयोग गर्ने ।

७. बचतपत्र बिक्री इजाजत प्राप्त कम्पनीहरुले गर्ने कार्यहरु

७.१ तोकिएका शर्तका अधिनमा रहि बचतपत्र बिक्री वितरण गर्ने ।

७.२ प्रत्येक दिन बिक्री गरेको बचतपत्रको विवरण तोकिए वमोजिमको ढाँचामा विद्युतीय माध्यमबाट नेपाल राष्ट्र बैंकमा पठाउने ।

७.३ नेपाली रुपैयां रु.२० लाख बराबरको बचतपत्र बिक्री भए पछि मात्र एकमुष्ट रुपमा नेपाल राष्ट्र बैंकस्थित सम्वन्धित बचतपत्र खातामा जम्मा हुने गरी रकमान्तर गर्ने तर बचतपत्र बिक्री अवधि समाप्त भए पछि सोहि अवधिसम्ममा संकलन भई पठाउन बांकी रहेको सम्पूर्ण रकम बिक्री अवधि समाप्त भएको दिनको भोलिपल्ट (सार्वजानिक विदा परेमा कार्यालय खोलेको दिन) नै अनिवार्य रुपमा रकमान्तर गर्ने ।

७.४ बचतपत्र बिक्री लाई प्रभावकारी रुपमा संचालन गर्न (जस्तै Online Application Submission, Online amount transfer आदि का लागि) आवश्यक पर्ने Computer Software लगायतका Technological Infrastructure को व्यवस्था मिलाउने ।

७.५ नेपाल राष्ट्र बैंकबाट प्राप्त बचतपत्रको प्रमाण-पत्र बचतपत्र खरिदकर्तालाई बितरण गर्ने ।

७.६ खरिदकर्ताको आवश्यक विवरण प्राप्त गरी बिक्री एजेण्टले नेपालबाटै उल्लेखित मुलुकमा कार्यरत् नेपाली नागरिकलाई यो बचतपत्र बिक्री गर्न सक्नेछन् ।

७.७ बचतपत्र बिक्रीबाट संकलित विदेशी मुद्रा जुन विनिमयदरमा खरिद गरेको हो सो रकम रकमान्तर भई नेपाल आईपुग्दा विनिमयदरमा हुने परिवर्तनका कारण हुन सक्ने नाफा वा नोक्सान दुवै नेपाल सरकारको हुने ।

८. व्याख्या गर्ने अधिकार

यो कार्यविधिमा कुनै द्विविधा वा अस्पष्टता भएमा अर्थ मन्त्रालयले व्याख्या गर्नेछ । यसरी गरिएको व्याख्यानै वैदेशिक रोजगार बचतपत्र जारी गर्ने प्रयोजनका लागि अन्तिम हुनेछ ।